# विद्युत नियमन आयोग

(नेपाल सरकार विद्युत क्षेत्रको नियमक निकाय)

प.स.:
च.न.:

२०८० भाद्र १९

## प्रेस विज्ञप्ति

डेडिकेटेड तथा ट्रंक लाइन महसुल सम्बन्धमा केहि पत्रपत्रिका तथा सञ्चार माध्यमबाट यस आयोगको नाम जोडी भ्रमपूर्ण अभिव्यक्ति सम्प्रेषण भएको विषयप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिम मिति २०७६/०१/२५ मा स्थापित यस आयोग एक स्वशासित र सङ्गठित सँस्था हो। यसले नेपालको विद्युत क्षेत्रको स्वतन्त्र नियामक निकायको रुपमा ४ वर्ष देखि कार्य गर्दै आइरहेको छ। नेपाल विद्युत प्राधिकरण तथा उद्योगी/व्यवसायीहरु बीचको विद्युत महसुल सम्बन्धी विवादको सिर्जना भने करिब ८ वर्ष अगाडी भएको तथ्य अवगत गराउन चाहन्छौं। सम्मानित सर्वोच्च अदालतबाट नेपाल विद्युत प्राधिकरण विरुद्ध शिवम् सिमेन्टको मुद्दामा "विधायिकाले निर्माण गरेको कानून पश्चात्‌दर्शी हुनुहुँदैन...." भनि व्याख्या समेत गरेको अवस्थामा आफ्नो स्थापना हुनु अगावैको निर्णयउपर कुनै प्रकारको पश्चातदर्शी असर हुने गरी निर्णय गर्न कानूनी रुपले नमिल्ने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउन चाहन्छौं।

सोही विवादका सम्बन्धमा, ने.वि.प्रा. सञ्चालक समितिको मिति २०७२/०३/१२ गतेको ७१० औं बैठकको निर्णय बमोजिम Dedicated Feeder तथा Trunk Line मार्फत निरन्तर विद्युत आपूर्ति लिने उद्योगी व्यवसायीहरु मार्फत Premium चार्ज सहितको विद्युत महसुल लागू गर्ने भनि निर्णय गरिएको थियो। उक्त निर्णयानुसार ने.वि.प्रा.द्वारा विभिन्न उद्योगहरुलाई पटक-पटक गरी प्रिमियम सहितको महसुल भुक्तानीको निमित्त पत्राचार समेत भएकोमा केही उद्योगीहरुले उक्त महसुल तिर्ने गरेको र केहीले भने ने.वि.प्रा.सँग महशुल निर्धारण गर्ने कुनै अधिकार नभएको भनी महसुल भुक्तानी नगरेको अवस्था थियो। ने.वि.प्रा. को निवेदनमा तत्कालिन विद्युत महसुल निर्धारण आयोगद्वारा मिति २०७२/०९/२९ को १०३औं र २०७२/१०/१० को १०४औं बैठकद्वारा प्रिमियम सहितको महसुल दर समायोजन गराई लागू हुने गरी निर्णय गरिएको थियो।

कतिपय उद्योगहरुले प्राधिकरणको डेडीकेटेड महसुल असुल गर्ने निर्णय न्यायोचित नहुने भनी हालसम्म महसुल भुक्तानी गरेका छैनन् भने केही उद्योगहरुले महसुल तिर्नुपर्ने निर्णय विरुद्ध विभिन्न अदालतहरुमा मुद्दा दायर गरी फैसला तथा आदेश प्राप्त गरेका छन्। साथै केही मुद्दाहरु अदालतबाट खारेज समेत भएका छन्। शिवम् सिमेन्टको मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७५/०७/२० मा भएको फैसलामा चित्त नबुझाई प्राधिकरणले सो फैसला पुनरावलोकनको लागि निवेदन दिएकोमा उक्त अदालतको पूर्ण इजलासबाट मिति २०७७/१०/१५ गतेका दिन पुनरावलोकन अनुमति प्रदान भएको र सो मुद्दा हालसम्म विचाराधीन रहेको छ।

यसै सम्बन्धमा, नेपाल सरकार ऊर्जा जलश्रोत तथा सिँचाई मन्त्रालयद्वारा मिति २०७७/०३/१८ मा गठन गरिएको उपसमितिद्वारा उल्लेखित विवादका सम्बन्धमा सिफारिस सहितको प्रतिवेदन पेश गरिएको थियो। सोही

विद्युत नियमन आयोग

(नेपाल सरकार विद्युत क्षेत्रको नियमक निकाय)

प्रतिवेदनका आधारमा मिति २०७७/०४/१९ मा नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकद्वारा विद्युत महसुल विवादका सम्बन्धमा प्राधिकरण र व्यवसायीहरु बीच देखिएको विवाद लगायतका समस्याको समाधान मन्त्रालय र मातहतका निकायहरुबाट समन्वयात्मक रुपमा गरी प्रतिवेदन कार्यान्वयन गर्न मन्त्रालयलाई निर्देशन भएको थियो। सोही निर्णय बमोजिम ऊर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालयद्वारा मिति २०७७/०४/१९ गते प्रतिवेदन कार्यान्वयन गर्न विद्युत नियमन आयोग तथा ने.वि.प्रा.लाई पत्राचार गरिएको थियो। उक्त प्रतिवेदन कार्यान्वयन गर्ने निकाय विद्युत नियमन आयोग नभई ने.वि.प्रा. रहेकोले यस आयोगद्वारा मिति २०७७/१२/१२ मा ने.वि.प्रा.लाई डेडिकेटेड फिडर तथा ट्रंक लाईन मार्फत विद्युत आपूर्ति लिएका उपभोक्ता उद्योग व्यावसायीहरुसँगको विवाद समाधान गर्ने सम्बन्धमा गरिएको कारबाहीको अवस्था के कस्तो रहेको छ भनी पत्राचार समेत गरिएको थियो। त्यस विषयमा ने.वि.प्रा.द्वारा मिति २०७७/१२/१९ मा आफुले गरेका र गर्ने काम कारबाहीका विषयमा यस आयोगलाई जानकारी गराएको थियो।

त्यसैगरी, ऊर्जा जलश्रोत तथा सिँचाई मन्त्रालयको प्रतिवेदन अनुसार सहजीकरण तथा विवाद निरुपण गर्ने सम्बन्धमा तत्कालिन विद्युत महसुल निर्धारण आयोगको १०३ औं र १०८ औं बैठकको निर्णय अनुरुप गर्नु गराउनु भनि मिति २०७८/०५/२४ मा नेपाल विद्युत प्राधिकरणलाई विद्युत महसुल निर्धारण आयोगको निर्णय प्रतिहरु समेत संलग्न गरी यस आयोगद्वारा पत्राचार गरिएको हुनाले यस विषयमा आयोगले कुनै निर्णय नगरेको भन्न मिल्दैन। लोडसेडिङ्ग हटिसकेको अवस्थामा डेडिकेटेड महसुलको औचित्य नहुने हुनाले यस आयोगले साविकको सो व्यवस्था हटाई मिति २०७७/०३/०१ र २०७८/०७/०८ मा नयाँ महसुल निर्धारण गरेको थियो। कुनै पनि विद्युत वितरण गर्ने निकायलाई प्रचलनमा रहेको महसुल उठाउनका लागि पुनः निर्देशन दिईरहनु पर्दैन।

यसका अतिरिक्त, सर्वोच्च अदालतमा विचाराधीन रहेको कुनै पनि विषयउपर आयोग वा अन्य कुनै निकायद्वारा निर्णय वा निर्देशन दिनु युक्तिसङ्गत हुँदैन। यस प्रकारका अभिव्यक्ति/राय/टिकाटिप्पणीले आयोगको क्षेत्राधिकार एवं काम कारबाहीप्रति जनताको विश्वास एवं आस्थामा आँच पुग्न सक्ने हुँदा कुनै किसिमको सन्देश प्रवाह गर्दा संवेदनशील हुन सम्बन्धित सबैमा अनुरोध छ।

२०८०.८.१९

(गोकर्ण राज पन्थ)

**सचिव तथा प्रवक्ता**

विद्युत नियमन आयोग
सानो गौचरण, काठमाडौं, नेपाल
इमेलः info@erc.gov.np | वेबसाइटः www.erc.gov.np
फोन नं: +९७७-१-४४२२४४२, ४४३९००४, ४४४३३९० | फ्याक्सः +९७७-१-४४३२५८२